अर्जुनधारा नगरपालिका

**नगर कार्यपालिकाको बैठक**

**बैठक संख्याः** १३/०७९/०८० **मितिः**२०७९/१०/१७

**अध्यक्षताः** कार्यवाहक नगर प्रमुख श्री खड्गमाया पराजुली

**उपस्थितिः**

| | | |
|---|---|---|
| कार्यवाहक नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**(१) पेवर्स लगाउने योजना सञ्चालन सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम चालु आर्थिक वर्ष २०७९/०८० मा नगरपालिका भित्रका सबै वडाका विभिन्न सडकहरुमा पेवर्स लगाउन स्वीकृत भएका योजनाहरुको लागत अनुमान तयार गर्दा अनुमानित लागत स्टमेट रु ४,९९,१८,२१९/-(चार करोड उनान्सय लाख अठार हजार दुई सय उन्नाइस रुपैया मात्र) लागत लाग्ने देखिएको र उक्त योजनाका लागि चालु आर्थिक वर्षमा रु ३८५०००००/- (तीन करोड पचासी लाख मात्र ) विनियोजन भएकाले बाँकी रकम आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी बहुवर्षीय ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

**(२) प्रदेश समपूरक अनुदानबाट सञ्चालित आयोजना सम्बन्धमा ।**

१ नं प्रदेश सरकारको समपूरक अनुदानबाट सञ्चालन हुने गरी वडा नं ११ को चाम्लिङ्ग टोल सालबाडी सडक कालोपत्रे योजना सञ्चालनका लागि ठेक्का बन्दोवस्त हुँदा लागत अनुमान भन्दा कम मूल्यमा ठेक्का स्वीकृत भई बाँकी रहेको रकम रु १८ लाखबाट सोही बाटोको बाँकी खण्डमा कालोपत्रे गर्न बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**(३) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताका लागि रकम थप सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुबाट राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनका लागि यस नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत खेलकुद कार्यक्रम शीर्षकमा विनियोजित बजेट मध्येबाट रु २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**(४) सहायक कम्प्युटर अपरेटरको सेवा करारमा लिने सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाका वडा कार्यालयको कार्यबोझ, सेवाग्राहीको चाप, भौगोलिक कार्यक्षेत्र, कार्यालयले संकलन गर्ने राजश्व समेतका आधारमा प्रभावकारी सेवा प्रवाहका लागि दक्ष जनशक्ति व्यवस्थापन गर्न कार्यालयमा उपलब्ध वडा सचिव र कार्यालय सहयोगीबाट मात्र कठिनाई भईरहेको र कार्यालयको सहज र प्रभावकारी सेवा प्रवाहका लागि कम्प्युटर सम्बन्धि कामकाज गर्न दक्ष सहायकस्तर कर्मचारीको आवश्यकता भएको र वडा कार्यालयको स्वीकृत दरबन्दी बमोजिम वडा कार्यालयमा १ जना सहायक स्तर चौथो तहको सहायक कम्प्युटर अपरेटरको दरबन्दी समेत रहेकाले उक्त पदमा स्थायी पदपूर्ती नभएसम्म हाललाई २ जना सहायक कम्प्युटर अपरेटरको सेवा करारमा लिनका लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

(५) **विविधः**

१. हिमालयन एग्रोइकोलोजी एण्ड डेभलपमेण्ट कम्पनीबाट यस नगरपालिकाको वडा नं २ मा **Food Resilience Through Agroecology** परियोजना सञ्चालन अनुमतिका लागि निवेदन प्राप्त भएकाले उक्त कम्पनिलाई प्रचलित कानून बमोजिम परियोजना सञ्चालन गर्ने गरी अनुमति दिने निर्णय गरियो ।